नेपाल सरकार
आपूर्ति मन्त्रालय

# प्रेस विज्ञप्ति

नेपाल सरकार
आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार (मा.मन्त्रीस्तर) को मिति २०७३।८।२० को निर्णयानुसार नेपाल खाद्य संस्थानका महाप्रबन्धक श्री शिवहरि श्रेष्ठलाई यस मन्त्रालय अन्तर्गतका सार्वजनिक संस्थानहरूको पुर्नसंरचना तथा व्यवस्थापन गर्न, संस्थानबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन, विद्यमान खाद्य नीतिमा समसामयिक परिवर्तन गर्न र संस्थानहरूको व्यवसायीकरण गरी संचालन गर्न व्यावसायिक कार्ययोजना बनाउने विषयमा अध्ययन गरी प्रतिवेदन पेश गर्न तोकिएकोले संस्थानको दैनिक तथा प्रशासनिक काम कारवाही संचालन गर्न आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागका महानिर्देशक श्री गोकुल प्रसाद धिताललाई अर्को व्यवस्था नभएसम्मको लागि नेपाल खाद्य संस्थानको कार्यालय प्रमुखको समेत कामकाज गर्ने गरी तोकिएको छ । यसैगरी नेशनल ट्रेडिङ्ग लिमिटेडको हालको अवस्थालाई मध्येनजर गरी यस मन्त्रालयको तर्फबाट लि. को संचालक समितिको सदस्यमा प्रतिनिधित्व गर्दै आउनु भएका उपसचिव श्री लवराज जोशीलाई लिमिटेडको महाप्रबन्धकको जिम्मेवारी समेत सुम्पि कामकाज गर्ने गरी तोकिएको छ ।

( सूर्यप्रसाद श्रेष्ठ )
प्रवक्ता
आपूर्ति मन्त्रालय